# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः २३ | गाउँकार्यपालिकाबाट पारित मितिः २०८१।०९।२८

## भाग-२

## निर्मित पर्यटकीय पुर्वाधार तथा पाहुँना घर संचालन तथा व्यवस्थापन निर्देशका, २०८१

**प्रस्तावनाः** निर्मित पर्यटकीय पुर्वाधार तथा पाहुना घर संचालनलाई व्यवस्थित, सुरक्षित र गुणस्तरिय बनाउने उद्देश्यले स्थानीय समुदाय, पर्यटन विकास र वातावरणीय संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र सिस्ने गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरिएको छ ।

पाहुना घर संचालन तथा व्यवस्थापन निर्देशिका २०८१

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम सिस्ने गाउँपालिकाको निर्मित पर्यटकीय तथा पाहुँनाघर संचालन तथा व्यवस्थापन निर्देशिका २०८१ रहनेछ ।

(२) यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा निर्देशिकामाः

(१) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिका बुझिनेछ ।

(२) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ ।सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँनेछ ।

(३) गाउँकार्यपालिका भन्नाले सिस्ने गाउँकार्यपालिकालाई बुझाउँनेछ ।

(४ ) कोष भन्नाले यसै निर्देशिका बमोजिम स्थापना गरिने कोषलाई बुझाउनेछ ।

(५) निर्मित पर्यटकीय पुर्वाधार तथा पाहुना घर भन्नाले यसै निर्देशिकाको बुँदा नं      बमोजिम स्थापना भइ सिस्ने गाउँपालिकाको स्वामित्वमा रहेको पाहुना घर लाई बुझाउँनेछ ।

(६) निर्देशक समिति भन्नाले यस निर्देशिका बमोजिम निर्मित पर्यटकीय पुर्वाधार तथा पाहुँना घर सञ्चालन तथा व्यवस्थापन निर्देशक समितिलाई जनाउनेछ ।

(७) सञ्चालक भन्नाले पाहुना घर लिजमा लिई सञ्चालन गर्ने व्यक्ति समूह वा संस्थालाई बुझाउँनेछ ।

३. उद्देश्यःनिर्मित पर्यटकीय पुर्वाधार तथा पाहुँना घर सञ्चालन गर्नुको मुख्य उद्देश्यहरु निम्न अनुसार हुनेछः

(१ ) स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यटक/यात्रुको लागि आरामदायी स्वच्छ आवास प्रदान गर्ने ।

(२ ) पारिवारिक व्यापारिक एवं पर्यटकिय सम्बन्धीको आवश्यकता पूरा गर्ने ।

(३ ) स्थानीय अर्थव्यवस्थाको सुधार का साथै रोजगारीको सृजना गर्ने ।

( ४) पर्यटक लाई आकर्षित गर्न स्थानीय व्यापार एवं सेवाको विकास गर्ने ।

(५ ) स्थानीय संस्कृति रीति रिवाज एवं परम्पराको पर्यटक सामू प्रस्तुत गर्ने ।

पाहुना घर संचालन तथा व्यवस्थापन निर्देशिका २०८१

(६) सांस्कृतिक विविधताको अभिबृद्धिका लागि बाह्य पर्यटकहरुलाई स्थानीय वातावरणसँग जोड्ने ।

(७) स्थानीय समुदाय र बाह्य व्यक्तिबीच सम्पर्क र सम्वादको माध्यम बनाउने ।

(८) सामाजिक मेलमिलाप तथा सौहार्दपूर्ण सम्बन्धलाई बलियो बनाउँने ।

(९) पर्यावरणिय अनुकूलको सेवा तथा संसाधनको प्रयोग गरी दीगो विकासलाई बढावा दिने ।

(१०) अतिथिहरुको लागि सुरक्षित एवं विश्वसनीय सेवा प्रदान गर्ने ।

## परिच्छेद २

## सञ्चालन सम्बन्धी व्यवस्था

४. निर्मित पर्यटकिय पुर्वाधार तथा पाहुँना घर सञ्चालन (१) यस निर्देशिकाले निर्धारण गरेको उद्देश्य पूरा गर्न गाउँपालिकाले निर्मित पर्यटकिय पूर्वाधार र पाहुना घर लिजमा प्रदान गरी सञ्चालन अनुमती प्रदान गर्नेछ । उक्त संरचनाहरु सञ्चालन गर्न आवश्यक शर्त तथा मापदण्ड निर्देशक समिति तथा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) बुँदा ४(१) बमोजिमको संरचनाहरु सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक अन्य कुनै ईजाजत अनुमती आवश्यक पर्ने भएमा सो को व्यवस्था मिलाउनु पर्नेछ ।

५.निर्देशक समितिः (१) निर्मित पर्यटकीय पुर्वाधार तथा पाहुँना घर सञ्चालन तथा व्यवस्थापन का लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) संयोजक सामाजिक विकास समिति | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

पाहुना घर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१

(च ) पर्यटन प्रवर्द्धनमा क्रियासिल स्थानीय संघ,सस्था वा व्यक्ति मध्येबाट समितीले मनोनित गरेको एक जना महिला पर्ने गरि २ जना सदस्य

(छ) उद्योग वानिज्य संघ जिल्ला प्रतिनिधि सदस्य

(ज) होटेल व्यवसाय संघ जिल्ला प्रतिनिधि सदस्य

(झ) सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

६. निर्देशक समितिको काम कर्तव्य र अधिकारः (१) निर्देशक समितिले निर्मित पर्यटकीय पूर्वाधार सञ्चालन तथा व्यवस्थापन गर्न देहायका विषयका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछः

(क) निर्देशक समितिको रुपमा रही कार्य गर्ने,

(ख) कोष सञ्चालन गर्ने

(ग) आम्दानी तथा खर्चको विवरण त्रैमासिक रुपमा गाउँ कार्यपालिकामा प्रस्तुत गर्ने

(घ) पर्यटकीय पूर्वाधार लिजमा दिने आवश्यक मापदण्ड तयार गर्ने

(ङ) सरोकारवालासँग समन्वय गरेर आवश्यक निर्णय गर्ने

(२) निर्देशक समितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई निमन्त्रणा गर्न सक्नेछ ।

(३) निर्देशक समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नु पर्नेछ ।

## परिच्छेद ३
## कोषसम्बन्धी व्यवस्था

७. कोषको स्थापनाः (१) निर्मित पर्यटकिय पूर्वाधार तथा पाहुना घर सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न गाउँपालिकामा एक निर्मित पर्यटकिय पूर्वाधार तथा पाहुना घर सञ्चालन तथा व्यवस्थापन कोष रहनेछ ।

(२) कोषको आय व्यय व्यवस्थापन गर्न गाउँपालिकाले एक छुट्टै खाता खोलि सञ्चालन गर्नेछ ।

८. कोषको स्रोतः (१) कोषमा देहाय बमोजिम प्राप्त स्रोतहरुलाई कोषको आम्दानीको रुपमा लिनु पर्नेछः

पाहुना घर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१

(क) गाउँपालिकाको वार्षिक बजेटमार्फत कोषमा जम्मा हुनेगरी विनियोजन गरिएको रकम,

(ख) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुँना घर सञ्चालन तथा व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(ग) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुना घर सञ्चालन गरे वापत सेवा ग्राही/ लाभ ग्राही बाट प्राप्त रकम,

(घ) कोषको खाता सञ्चालनमा रहेको वित्तिय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको व्याज आय,

(ङ) स्वदेशी विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरु तथा व्यक्तिबाट प्राप्त हुने रकम,

(च) प्रचलित कानुन बमोजिमको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

९. कोष सञ्चालन समितिः (१) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुँना घर सञ्चालन कोष को सञ्चालन गर्न देहाय बमोजिमको कोष सञ्चालन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) आर्थिक विकास समिति संयोजक — सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(२) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ । कोष सञ्चालन समितिको निर्णय बमोजिम कोषको रकम खर्च गरिनेछ ।

१०. कोषको प्रयोगः (१) कोषमा जम्मा भएको रकम खर्च गर्न कोष सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

(२) कोषमा जम्मा भएको रकम देहायको कार्यमा खर्च गरिनेछः

(क) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुना घर मर्मत सम्भार तथा सौन्दर्यकरणका लागि

पाहुना घर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१

(ख) आवश्यक थप पूर्वाधार निर्माण गर्न

(ग) आवश्यक उपयुक्त सामाग्री खरिद गर्न

(घ) निर्देशक समितिको बैठक भत्ता एवं खाजा खर्च

(ङ) पर्यटन प्रबर्द्धन सम्बन्धीका सफ्टवेयर तथा सांस्कृतिक कार्यहरु

(च) पर्यटन प्रबर्द्धन सम्बन्धीका विविध तालिम, गोष्ठीहरु सञ्चालन

(छ) निर्देशक समिति तथा कोष सञ्चालन समितिले निर्णय गरी तोकेका विषय ।

११. कोषको सञ्चालनः (१) कोषको बैक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन प्रमुख वा निजले तोकेको लेखाको कर्मचारिको संयुक्त दस्तखतबाट हुनेछ ।

(ख) कोषबाट रकम भुक्तानी गर्दा बैकमार्फत गरिनेछ ।

१२. कोषको लेखा तथा सो को सार्वजनिकरणः (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिक रुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र कोष सञ्चालक समितिले कोषको वार्षिक आय व्ययकव विवरण समेत खुल्ने वार्षिका प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत सभामा पेश गर्नुपर्नेछ ।

१३. लेखा परिक्षणः (१) कोषको आन्तरिक लेखापरिक्षण गाउँपालिकाले तथा अन्तिम लेखा परिक्षण नियमानुसार तोकिएको निकायबाट गराउनु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

होमस्टे सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१

(३) गाउँ कार्यपालिकाको कार्यालयले कम्तिमा वर्षमा एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद ४
## सञ्चालन तथा व्यवस्थापन करार

१४. उद्देश्यः (१) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुना घरको सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहको लागि जिम्मेवारी तोक्ने ।

(२) गुणस्तरीय सेवा प्रदान गर्ने सुनिश्चितता ।

(३) सार्वजनिक पर्यटकीय स्थल तथा पाहुँना घर पारदर्शी, मितव्ययी, वातावरणमैत्री र प्रतिष्पर्दिरुपमा सञ्चालन गर्ने ।

१५. सञ्चालन तथा व्यवसथापन करारः (१) निर्देशक समिति वा कार्यपालिकाले तोकेका शर्तको आधारमा सार्वजनिक सूचना मार्फत करार सम्झौताको लागि जानकारी गराउनु पर्नेछ ।

(२) तीन पटक सूचना गर्दा पनि कुनै व्यक्ति वा संस्था सञ्चालन तथा व्यवस्थापन करार गर्न नआएमा कार्यालयले आफै सञ्चालन गर्न सक्नेछ ।

(३) निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुँना घरको सञ्चालन तथा व्यवस्थापन करारका मापदण्ड तथा शर्तहरु तय गर्दा निर्देशक समितिले सरोकारवालाहरुसँग समन्वय गरी परामर्श लिन सक्नेछ ।

१६. सञ्चालत तथा व्यवस्थापन करार गर्दा यस निर्देशिकामा उल्लेख नभएका विषयका सन्दर्भमा प्रचलित कानुन अनुसार हुनेछ ।

## परिच्छेद ५
## विविध

१७. संशोधन तथा खारेजीः (१) कार्यपालिकाले यस निर्देशिका जुनसुकै बखत संशोधन वा खारेजी गर्न सक्नेछ ।

१८. यस निर्देशिका भएको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

पाहुना घर संचालन तथा व्यवस्थापन निर्देशिका २०८१

पाहुना घर संचालन तथा व्यवस्थापन निर्देशिका २०८१